# नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)

प्रधान कार्यालय
दरबार मार्ग, काठमाडौं


पत्र संख्या २०७५/७६ के.क.प्र.शा. च.नं. ६२६

मितिः २०७५/०८/०४

श्री उत्पादन निर्देशनालय।
श्री प्रसारण निर्देशनालय ।
श्री वितरण तथा ग्राहक सेवा निर्देशनालय।
श्री प्रशासन निर्देशनालय।
श्री अर्थ निर्देशनालय।
श्री ईन्जिनियरिङ्ग सेवा निर्देशनालय।
श्री आयोजना ब्यवस्थापन निर्देशनालय।
श्री योजना अनुगमन तथा सूचना प्रविधि निर्देशनालय।
श्री सहायक कम्पनी अनुगमन निर्देशनालय।
श्री उर्जा दक्षता तथा चुहावट नियन्त्रण विभाग।
श्री आन्तरिक लेखा परिक्षण विभाग।

**विषयः** परिपत्र।

नेपाल विद्युत प्राधिकरण प्रधान कार्यालयबाट विगतमा भएका सरुवा पदस्थापना तथा तलव भत्ता कार्यरत कार्यालयबाट नै उपलब्ध गराउने गरी काज खटाईएका / काम तोकिएका / जिम्मेवारी तोकिएका र उप-कार्यकारी निर्देशकको कार्यालय तथा क्षेत्रीय कार्यालयबाट विगतमा भएका सरुवा तथा तलव भत्ता कार्यरत कार्यालयबाट नै उपलब्ध गराउने गरी काज खटाईएका / काम तोकिएका / जिम्मेवारी तोकिएका कर्मचारीहरुलाई तत्कालिन निर्णय/निर्देशन अनुसार ने.वि.प्रा. आर्थिक प्रशासन विनियमावली, २०६८ (सं.स.) को विनियम ४४ तथा ने.वि.प्रा. कर्मचारी सेवा विनियमावली, २०६२ (सं.स.) को विनियम १३८ बमोजिम बरबुझारथ नगरी/नगराई रमाना दिईएको भए मिति २०७५/०८/०९ देखि लागु हुने गरी ऐ विनियमावली अनुसार जिन्सी सामानको जिम्मा लिएका भण्डार प्रमुखहरुको हकमा सम्वन्धित क्षेत्रीय प्रमुख/विभागीय प्रमुखले तोकेको प्रतिनिधि समेतको रोहवरमा र अन्य कर्मचारीहरुको हकमा ऐ विनियमावलीले तोके बमोजिम अनिवार्य रुपमा बरबुझारथ गर्नु/गराउनु हुनेछ । साथै यस विषयमा प्रधान कार्यालयबाट अनुगमन हुने र अनुगमनको क्रममा बरबुझारथ नगरेको/नगराएको पाईएमा प्रचलिन ऐन तथा ने.वि.प्रा. कर्मचारी सेवा विनियमावली, २०६२ (सं.स.) को विनियम १२७ (२), एवं विनियम १३८ (२) बमोजिम कारवाही गरिने ब्यहोरा समेत जानकारी गराईन्छ।

..............................
(कुलमान घिसिङ)
कार्यकारी निर्देशक


| उप.का.का.नि. प्रशासन | जनसाधन विभाग | कर्मचारी प्रशासन महाशाखा | केन्द्रीय कर्मचारी प्रशासन शाखा |
| --- | --- | --- | --- |
| प्रमुख ☎ ४१५३०११ एक्स. १२०५ | ☎ नि. ४१५३००२ १००५ | ☎ ४१५३००० आन्तरिक १००१ | ☎ ४१५३००५, ४१५३००६ |
| पि.ए. ☎ १२०६, ४१५३०१० | ☎ पि.ए. आन्तरिक १००४ | ☎ पि.ए. आन्तरिक १००२ | ☎ पि.ए. आन्तरिक १००६, १००७/१००८ |

फ्याक्स नं. ४१५३०११ (एक्सचेन्ज ☎ कम्प्युटर नं., ४१५३०५४, ४१५३०५५), फ्याक्स नं. ४१५३००१/४१५३००५